सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




सवै धर्मको सम्मान आवश्यक छ : पूर्व राष्ट्रपति यादव

पेज २ मा

♦ वर्ष ७ ♦ अंक ७५ ♦ २०८० साल मंसीर १४ गते विहिवार ♦ 30 Nov 2023 ♦पृष्ठ ४ (क,ख) ♦ मुल्य रु. ५ www.shirishnews.com

# रास्वपाले गठन गऱ्यो १२ सदस्यीय सचिवालय, स्वर्णिम वाग्ले उपसभापति

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, बर्दिबास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १२ सदस्यीय सचिवालय गठन गरेको छ । उक्त पार्टीको जलेश्वरमा जारी संसदीय दलको बैठकले १२ सदस्यीय पदाधिकारी गठन गरेको हो । रास्वपाले स्वर्णिम वाग्लेलाई उपसभापति, सुमना श्रेष्ठ र विपिन आचार्यलाई सहमहामन्त्री बनाएको छ। यस्तै कोषाध्यक्षमा लिमा अधिकारी र सहकोषध्यक्षमा दीपक बोहोरा लाई थप गरिएको छ।

सचिवालयमा संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ र प्रमुख सचेतक सन्तोष परियार लाई पनि समेटिएको छ।


**यी हुन् पदाधिकारीहरु**

१. सभापति - रवि लामिछाने
२. उपसभापति - डीपी अर्याल
३. उपसभापति - डा. स्वर्णिम वाग्ले
४. महामन्त्री - डा. मुकुल ढकाल
५. सहमहामन्त्री - कविन्द्र बुर्लाकोटी
६. सहमहामन्त्री - सुमना श्रेष्ठ
७. सहमहामन्त्री - विपिन आचार्य
८. संसदीय दलको उपनेता - विराजभक्त श्रेष्ठ
९. प्रमुख सचेतक - सन्तोष परियार
१०. कोषाध्यक्ष - लिमा अधिकारी
११. सहकोषाध्यक्ष - बसु माया तामाङ
१२. सहकोषाध्यक्ष - दीपक बोहोरा



# रास्वपाको 'कित्ता क्लियर', उदार अर्थतन्त्रमा विश्वास गर्ने लोकतान्त्रिक पार्टी

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो वैचारिक धार प्रष्ट पारेको छ। महोत्तरीको जलेश्वरमा बसेको पार्टीको केन्द्रीय समिति बैठकले पार्टीको वैचारिक धार प्रष्ट पारेको हो ।



**प्रस्तावना**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्याय सहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी हो।

यसको ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासन मार्फत् समन्यायिक समावेशी समाज निर्माण गर्नु हो।

लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोत-साधनको दीगो परिचालन गर्दै उद्यममैत्री, लगानी-अनुकूल प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयनका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाई राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित, सामाजिक पूँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्न यो पार्टी सर्वात्मना प्रतिबद्ध छ।

शान्तिपूर्ण मार्गबाट नै समाजवादका प्रधान लक्ष्यहरु संविधानमा निर्दिष्ट गरी तदनुकूल राष्ट्रिय नीति तथा कार्यक्रमका आधारमा राज्य संचालनको अठोटलाई संवैधानिक समाजवादका रुपमा व्याख्या गर्दै अप्रिय ऐतिहासिक विरासतका रुपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय लगायत सबै प्रकारका संरचनात्मक विभेदहरुविरुद्ध निर्णायक सम्बोधन गर्न अवसरहरुको न्यायिक वितरण, पहुँच र उपयोगमा जोड दिइनेछ।

नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान, विश्वभर फैलिएका नेपालीहरुको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्वलाई आत्मसात् गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्नु नै राष्ट्रिय स्वतन्त्र पार्टीको अभीष्ट रहनेछ।

२०८०।०८।१३
जलेश्वर, महोत्तरी

बैठकमा महामन्त्री मुकुल ढकालले सांगठानिक प्रतिवेदन पेश गर्दै पार्टीको धारबारे प्रष्ट पारेका हुन्। उनले प्रतिवेदनमा रास्वपा सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने लोकतान्त्रिक पार्टी हुने प्रस्ताव गरेका थिए। उनको प्रस्ताव बैठकबाट पारित भएको छ।

ढकालको प्रतिवेदनमा 'पार्टीको ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्नु' भएको उल्लेख छ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्नु नै पार्टीको उद्देश्य हुने प्रतिवेदनको प्रस्तावनामा उल्लेख छ।

# काँग्रेस मधेश प्रदेशको सम्मेलन पुस ५ र ६ गते

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, महेन्द्रनगर**

नेपाली काँग्रेस मधेश प्रदेशको सम्मेलन पुस ५ र ६ गते गरिने निर्णय भएको छ।






नेपाली काँग्रेस मधेश प्रदेशका सभापति तथा प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवको अध्यक्षतामा बसेको पूर्ण बैठकले जनकपुरधामको महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक केन्द्रमा पुस ५ र ६ गते सम्मेलन गरिने निर्णय गरेको छ। बैठकले सम्मेलनको प्रमुख अतिथिको रुपमा पार्टी सभापति एवं पूर्व प्रधानमन्त्री शेर बहादुर देउवालाई आमन्त्रण गर्ने निर्णय समेत गरेको छ।


मधेश प्रदेश सम्मेलनलाई भव्यताका साथ सम्पन्न गराउन र सफल बनाउन आवश्यकता अनुसारको उप समितिहरु गठन गर्ने बैठकले निर्णय गरेको छ। त्यसैगरि, वडादेखि जिल्ला तहसम्म सम्मेलन गर्न बाँकी रहेको तहहरुलाई सम्मेलन सम्पन्न गर्न र प्रदेश सम्मेलन प्रतिनिधि छनोट गरी जानकारी गराउन परिपत्र गर्ने निर्णय गरि एको नेपाल काँग्रेस मधेश प्रदेश सूचना सञ्चार तथा प्रचार प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिए।

सम्मेलनमा मधेश प्रदेशको राजनीतिक सांगठनिक-आर्थिक एवं महामन्त्रीको प्रतिवेदन तयार गर्न मस्यौदा तयारी उपसमितिहरु गठन गर्ने निर्णय पनि गरिएको छ।

## ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# सबै धर्मको सम्मान आवश्यक छ : पूर्व राष्ट्रपति यादव




**खबर दर्पण समाचारदाता**
**मंसीर १३ गते, महेन्द्रनगर**

पूर्व राष्ट्रपति डा. रामवरण यादवले समाजमा सबै धर्मको सम्मान आवश्यक भएको बताउनुभएको छ। सधैं धर्मका मानिस मिलेर बसेमात्र समाज रूपान्तरण हुने उहाँको भनाइ छ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगर पालिका-१४ मुजेलियामा बुधबारदेखि सुरु भएको श्री १०८ शिवशक्ति महायज्ञको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो। जुन ठाउँमा मान्छे मिलेर बस्दैन, त्यहाँ झैझगडा बाहेक केही नहुने उहाँले बताउनुभयो।

इजरायलमा मुस्लिम र यहुदी धर्म मान्नेहरुविचमा अहिले लडाइ जारी रहेको चर्चा गर्नुभयो। १५ दिनमा १५ हजार भन्दा बढी मान्छेको ज्यान गएको र त्यसमा १० जना नेपालीले समेत बलिदानी दिनुपरेको उहाँले बताउनुभयो।

आफू जन्मेको समयमा विश्वको जनसङ्ख्या करिब तीन अर्ब रहेको र अहिले सो जनसङ्ख्या आठ अर्ब पुगेको उहाँले बताउनुभयो। पूर्व राष्ट्रपति यादवले नेपालको जनसङ्ख्या तीन करोड हुँदा विगतभन्दा उत्पादन घटेकाले ८० प्रतिशत अन्न बाहिरबाट आयात भइरहेको बताउनुभयो। उत्पादन बढाउन नसके मुलुकमा समस्या पर्दै जाने उहाँको भनाइ छ।

चुरेको संरक्षण नगरिए यस क्षेत्रमा पानीको साथसाथै अन्नको पनि सङ्कट आउनेभएकाले चुरिया संरक्षणका लागि तीनै तहका सरकारले ठोस कामकाज गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले यसका लागि चुरिया क्षेत्रमा बसोबास गर्ने आम नागरिकको भूमिका महत्वपूर्ण भएको चर्चा गर्नुभयो।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष राजनन्दन मण्डलले जनकपुर धाम युगौंयुगदेखि जपतप गर्ने स्थान भएको भन्दै यस प्रकारको यज्ञले मानवको कल्याण हुने बताउनुभयो। स्थानीय आयोजक समितिका अध्यक्ष प्रमोदकुमार रायको अध्यक्षतामा भएको सो कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका पूर्व नगरप्रमुख लालकिशोर साह, एमालेका नेता सन्तोष यादव, स्थानीय वडाध्यक्ष पुण्यप्रताप यादवसहितकाले बोल्नुभएको थियो।

सात दिनसम्म चल्ने सो महायज्ञमा प्रत्येक दिन कथा वाचनका साथै भगवानले गरेका विभिन्न लीलाहरू प्रदर्शन गरिने कार्यक्रम रहेको मेला आयोजक समितिका सदस्य समेत रहेका यादवले जानकारी दिनुभयो।






## विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। धनको नाश हुने योग छ।

**वृष**-चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ।

**मिथुन**- सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ। अपूरा कार्य पूर्ण हुनेछन्।

**कर्कट** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ। उपहारआदी प्राप्त हुनेछ।

**सिंह** - स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ। रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**कन्या** - परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछ। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ।

**तुला** -सरकारी काममा सफलता हुनेछ। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछ। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**वृश्चिक** -शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछ। आयआम्दानीको स्रो बढ्नेछ। सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ।

**धनु** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ।

**मकर** -आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।

**कुम्भ** -मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**मीन** -काममा बाधा, खर्च वृद्धि हुनेछ। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दुर्गा प्रसाईंको असफल आन्दोलनले राजावादीलाई भयो चार नोक्सानी

**खबर दर्पण समाचारदाता**
**मंसीर १३ गते, महेन्द्रनगर**



पाँच दिनमा व्यवस्था परिवर्तन गर्ने र राजतन्त्र फर्काउने हल्लासहित मंसिर ७ गते सुरु भएको दुर्गा प्रसाईंको काठमाण्डौंकेन्द्रित प्रदर्शन अन्ततः तुहिएको छ । न प्रसाईंले दाबी गरेजस्तो लाखौं मानिस सडकमा आए न त राजावादी समूहले नै उनलाई दिल खोलेर सहयोग गरे ।

प्रसाईंले हल्ला गरेजस्तो उनको पक्षमा कुनै माहोल देखिएन। अन्ततः उनी आफैं फिका सावित भए । प्रसाईंले आफूलाई मात्र हैन, सिंगो राजावादी शक्ति र आन्दोलनलाई नै हल्का र फिका सावित गर्दिए।

राजावादी दल राप्रपाभित्र नै प्रसाईंको आन्दोलनलाई सहयोग गर्ने विषयमा एक मत भएन। डा. प्रकाशचन्द्र लोहनी, रवीन्द्र मिश्र, ज्ञानेन्द्र शाही प्रसाईंको आन्दोलनलाई समर्थन र सहयोग गर्नुपर्ने पक्षमा देखिए । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने 'नैतिक समर्थन गर्ने, भौतिक उपस्थिति नहुने' नीति लिएका थिए।

प्रसाईंको आन्दोलनलाई सबै राजावादी शक्तिले एकमतले सहयोग गर्ने हो भने राम्रै राजनीतिक उपलब्धि हासिल हुन सक्दछ भन्ने कतिपयको बुझाइ थियो । तर, त्यसो भएन ।

अध्यक्ष लिङ्देनले प्रसाईंको आन्दोलनमा सहभागी नहुन र भौतिक सहयोग नगर्न राप्रपाभित्र कडा निर्देशन गरेका थिए । त्यसका बाबजुद पार्टी प्रवक्ता ज्ञानेन्द्र शाहीलगायत केही नेता ऐक्यबद्धता जनाउन सडकमा देखिए ।

झापा पुगेका पूर्वराजा ज्ञानेन्द्र शाहले भने कुनै प्रतिक्रिया दिएनन् । उनी झापामा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग एउटै मञ्चमा देखिए । प्रसाईंले 'राजतन्त्र पुनर्स्थापनाका' का लागि भन्दै र ाजधानीकेन्द्रित प्रदर्शन गरिरहँदा पूर्वराजा शाह भने झापामा र ाप्रपा अध्यक्षसँग एउटै मञ्चमा देखिनुले राजावादी कित्ताभित्र गहिरो अर्थ राख्ने बताइन्छ ।

ज्ञानेन्द्र शाहको विश्वास कमल थापाबाट केही वर्षअघि नै उठिसकेको थियो । राप्रपा महाधिवेशनमा पराजित भएपछि थापाले केही समय आवेगमा ज्ञानेन्द्र शाहको विरोध गर्दै हिँडे । उनले र ाजतन्त्रको मुद्दा परित्याग गरी 'हिन्दू-राष्ट्र' को मात्रै सवाल उठाउने सम्बर्द्धनवादी दलका रुपमा राप्रपा नेपाललाई ब्यूँताए । गत आम निर्वाचनमा एमालेको सूर्य चिह्नबाट चुनाव लड्न पुगे।

तर, उनी आफ्ना नयाँ निर्णयमा धेरै दिन टिक्न भने सकेनन् । स्वयं राजावादी धारमा पनि सबैको विश्वास गुमाए । राप्रपाका एक नेता भन्छन्– राजावादी राजनीतिमा अब कमल थापाको कुनै औचित्य र सान्दर्भिकता छैन ।

महाधिवेशनबाट पराजित भएलगत्तै पार्टी फोड्ने, राजतन्त्रको मुद्दा छोड्ने, स्वयं पूर्वराजाका बारेमा अनेक अन्टसन्ट बोल्दै हिँड्ने, राप्रपा नेपाल ब्यूँताउने तर एउटा दलको अध्यक्ष भएर अर्को दल एमालेको सूर्य चिह्नबाट चुनाव लड्ने जस्ता कार्यपछि उनी लगभग समाप्त भएका छन् । भनिन्छ- पूर्वराजा ज्ञानेन्द्र शाहले थापालाई एक चरम अवसरवादी र अतिमहत्वकांक्षी पात्रका रुपमा हेर्छन् । आफ्नो सान्दर्भिकता समाप्त हुँदै गएपछि थापा फेरि चर्को आवाजमा राजतन्त्रको कुरा गर्न थालेका छन् ।'

राजावादी धारको राजनीतिमा प्रसाईंको चर्चा बढ्न थालेपछि ज्ञानेन्द्र शाहले कमल थापालाई जस्तै राजेन्द्र लिङ्देनलाई पनि विश्वास गर्न छोडेको चर्चा चल्न थालेको थियो । प्रसाईंले कम्युनिष्ट पार्टी परित्याग गरी राजावादी अभियान सुरुवात गर्दा ज्ञानेन्द्र शाह सपरिवार काकरभिट्टा पुगेका थिए ।

यसपटक प्रसाईं आन्दोलनको हल्लीखल्ली निक्कै ठूलो थियो । तर , लिङ्देन र ज्ञानेन्द्र शाहले प्रसाईंको हल्लीखल्लीप्रति कुनै रुचि देखाएनन् । रवीन्द्र मिश्र र ज्ञानेन्द्र शाहीजस्ता 'नवराजावादी' को समर्थनले प्रसाईंको आन्दोलनमा कुनै ऊर्जा आएन । बरु 'मच्चियो, मच्चियो थच्चियो' भन्ने उखान जस्तो मात्रै भयो ।

प्रसाईंको असफल आन्दोलनले राजावादी लाइनलाई उल्टै चार वटा गम्भीर राजनीतिक नोक्सानी भएको छ।

१. राजतन्त्रको मुद्दामा जनता सडकमा आउँदैनन् भन्ने पुष्टि

गणतन्त्र उल्टाउने र राजतन्त्र फिर्ता गर्ने उद्घोषका साथ आन्दोलनको आह्वान भएमा लाखौंको संख्यामा जनता सडकमा आउने विश्वास कतिपय राजावादीले गर्थे । यद्यपि यस्तो हुन सक्ने आधार भने देखिँदैनथ्यो । तर, निर्णायक संघर्षको घोषणा भएमा कुनै चमत्कार हुने आशा गरिन्थ्यो । राजतन्त्रप्रति आस्था र निष्ठा राख्ने जनमत अझै उल्लेखनीय छ भनिन्थ्यो ।

स्वयं प्रसाईंले कम्तिमा तीन लाख मान्छे सडकमा आउने बताउँदै आएका थिए । तर, प्रसाईं आन्दोलनको पहिलो दिन करिब पाँच हजार मान्छे सडकमा देखिए पनि दोस्रो दिनदेखि त्यो आफैं सेलाएर गयो । प्रसाईंको प्रदर्शन पाँच दिन पनि टिक्न सकेन।

यसबाट राजावादी शक्ति र समर्थक निराश भएका छन् । राजाको नाममा ठूलै जनप्रदर्शन हुन र गणतन्त्र उल्टिन सक्दछ भन्ने उनीहरुको भ्रम टुटेको छ । यसले राजावादी राजनीतिबाट कार्यकर्ता र समर्थकको पलायन बढ्ने सम्भावना देखिन्छ ।

२.पूर्वराजाको छविलाई थप नोक्सानी

दुर्गा प्रसाईंको बोली र व्यवहारमा अनेक असंगति देखिन्छ । उनी जे पनि बोलिरहेका हुन्छन् । उनको बोलीमा कुनै मर्यादा, सन्तुलन, दृष्टिकोण र लगाम देखिँदैन । उनी कहिले महिलालक्षित अनेक अपमानजनक र अश्लील शब्द लाजैबिना बोल्दछन् भने निश्चित जाति र समुदायको नामै लिएर गाली गरिरहेका हुन्छन्।

पछिल्लो समयमा उनले ज्ञानेन्द्र शाहलाई समेत कस गरेर आफूलाई 'पृथ्वी नारायण शाह र महेन्द्र शाहपछिको देशको तेस्रो सपुत' भएको दाबी गर्न थाले । अझ अघि बढेर 'भगवान कृष्णको नयाँ अवतार' भन्न थाले ।

यस्ता उट्पट्याङ अभिव्यक्तिले प्रसाईंलाई भन्दा बढी नोक्सानी स्वयं ज्ञानेन्द्र शाहको छविलाई भयो । शाहले प्रसाईंजस्तो हल्का र सस्तो मान्छेलाई किन अघि सारेका वा समर्थन गरेका होलान भन्ने भाव जनताको मनमा उत्पन्न भयो । जनताको आँखामा स्वयं शाह हल्का र सस्तो सावित भए ।

३.राप्रपामा विग्रहको विजारोपण

प्रसाईंको असफल आन्दोलनले राजावादी धारको सबैभन्दा ठूलो र ाजनीतिक समूह राप्रपामा मतभेद, विभाजन र विग्रहको विउँ र ोपिएको छ । रवीन्द्र मिश्र र ज्ञानेन्द्र शाहीजस्ता नयाँ राजावादीले बढी नै खरानी घसेको र प्रसाईंलाई हिरो बनाएर पार्टी अध्यक्ष लिङ्देनलाई कमजोर पार्न खोजेको बुझाई संस्थापन पक्षको छ । लिङ्देन मिश्र र शाहीसँग भित्रभित्रै चिढिएका छन् । यो मनोवैज्ञानिक दुरीले भविष्यमा राप्रपालाई विग्रहतिर लैजाने सम्भावना बढेको छ ।

राप्रपाका ती नेता भन्छन्–'राजेन्द्र लिङ्देनको नेतृत्वमा सकिन लागेको पार्टी बल्लबल्ल तंग्रिएको छ । अब सबै फेरि लिङ्देनलाई कमजोर बनाउने खेलतिर लागेका छन् । यसरी कसरी हुन्छ ? मिश्र र शाहीलाई हिजोका दिनमा राप्रपा हुनुको पीडा, दुःख र अपमान के थाहा ? अहिले चुरीफुरी गरेर हुन्छ ?'

४. अन्तर्राष्ट्रिय समुदायको आँखामा हल्का सावित

पछिल्लो आम निर्वाचनमा राप्रपाको बढोत्तरीलाई सबैले 'रिकनाइज्ड' गरेका थिए । विदेशी कूटनीतिज्ञहरूले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग भेटघाट गर्ने र देशको एक राजनीतिक शक्तिसँग गर्नुपर्ने सम्मानजनक व्यवहार गर्ने गरेका थिए ।

छिमेकी देश भारतको रुढीवादी तप्कामा समेत नेपालमा राजावादी एक उल्लेखनीय शक्ति हुन् भन्ने भ्रम थियो । प्रसाईंको असफल आन्दोलनपछि त्यो बुझाई कमजोर हुने देखिन्छ ।

राजावादीहरू हिजो भारतमा 'युपिए गठबन्धन' सत्तामा हुँदा नेपालका तत्कालीन सात दल र युद्धरत विद्रोही माओवादीबीच १२ बुँदे सम्झौता भएको, त्यसैका आधारमा नेपालमा राजतन्त्र समाप्त भई गणतन्त्र स्थापित भएको, त्यहाँ 'एनडिए गठबन्धन' र भाजपा सरकारमा आएपछि नेपालमा राजतन्त्र स्थापनाका लागि सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्दछन् ।

यद्यपि उनीहरुका यस्ता मागलाई नरेन्द्र मोदी नेतृत्वको 'हिन्दू-र ाष्ट्रवादी' सरकारले कुनै महत्व दिने गरेको छैन । दिल्लीले कुनै महत्व नदिएपछि ज्ञानेन्द्र शाह बेलाबेला लखनउ जाने गर्थे । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको ज्ञानेन्द्र शाहप्रति सहानुभूति भएको बताइन्थ्यो ।

दुर्गा प्रसाईंको असफल र कमजोर आन्दोलनले राजावादीहरुको शक्ति र सान्दर्भिकता अन्तर्राष्ट्रिय समुदायका आँखामा पनि फिका भएको छ ।

समग्रमा दुर्गा प्रसाईंको असफल जनप्रदर्शनले सबैभन्दा बढी घाटा कसैलाई भएको छ भने स्वयं राजावादी र पूर्वराजा ज्ञानेन्द्र शाहलाई नै भएको छ ।


**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्लमयययच को व्यवस्था ।

## श्रीमतीको हत्या गरेर भारतमा शव फ्याकेको आरोपमा श्रीमान पक्राउ



**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, महेन्द्रनगर**

श्रीमतीको हत्या आरोपमा सिरहा प्रहरीले एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहा नगर पालिका १५ सुखचैनाका ४० वर्षीय देवेन्द्र यादव रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

गत बिहीबार राति आफ्नै श्रीमती ३० वर्षीया संजिता कुमारी यादवको हत्या पश्चात फरार रहेका उनलाई शनिबार प्रहरी चौकी खिरौना, इलाका प्रहरी कार्यालय माडर र जिल्ला प्रहरी कार्यालयबाट खटिएको संयुक्त प्रहरी टोलीले माडर/खिरौना बोर्डर आसपासबाट यादवलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रविन्द्र राज पाण्डेले जानकारी दिए ।

गत बिहीबार यादवले आफ्नो श्रीमतीलाई मरणासन्न हुने गरी कुटपिट गरी उपचारको लागी भारतको जयनगर तर्फ लगेको भनी प्रहरीमा सूचना प्राप्त भएको थियो ।

प्रहरीले अनुसन्धान गर्दा संजितालाई सोही राति करिब १० बजेको समयमा घरमा रहेको ईट्टा तथा बाँसको भट्टाले कुटपिट गरी हत्या गरेर लाशलाई लिएर भारत तर्फ गएको खुलेको प्रवक्ता पाण्डेले जानकारी दिए । भारतीय प्रहरीसँग समन्वय गरी खोजतलास गर्ने क्रममा संजिताको शव आइतबार बिहान भारतको मधुबनी जिल्लाको सलरा भन्ने स्थानमा फेला परेको थियो ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएका छन् ।

# बटेश्वर गाउँपालिकाले पुरेन ज्यानमारा खाल्डो, बालबालिकाका लागि जोखिम



**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, महेन्द्रनगर**

धनुषाको बटेश्वर गाउँपालिका कार्यालयले बालक डुबेर मृत्यु भएको बिगही खोलाको ज्यानमारा खाल्डो दुई महिना बित्दा समेत पुरेको छैने । बटेश्वर गाउँपालिका १ धुमासन नजिक बिगही खोलामा माटो झिकेको खाल्डोमा गत असोज ६ गते स्थानीय बिनोद महतोका ११ वर्षीय छोरा धिरज कुमार महतोको डुबेर ज्यान ज्यान गएको थियो ।

बटेश्वर गाउँपालिका कार्यालयले तीन वर्ष अघि सो खोला ठेक्का लगाउँदा उत्खनन सुरु भएको थियो । विस्तारै लुकिचोरी बालुवा माटो तस्करी हुँदा खाल्डो गरि हो भएर पानी जमेर जोखिमयुक्त बनेको छ ।

बालक धिरजको डुबेर मृत्यु भएको भोलिपल्टै गाउँपालिका अध्यक्ष रामअशिष महतो लगायत जनप्रतिनिधि तथा कर्मचारीहरु सो ज्यानमारा खाल्डोको निरीक्षण गर्दै यथासिघ्र माटो पुर्ने प्रतिवद्धता गरेका थिए ।

तर, दुई महिना बित्दा समेत ज्यानमारा खाल्डोमा माटो पुर्न गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारीले कुनै चाँसो देखाएका छैनन् ।

पालिका अध्यक्ष रामअशिष महतोले चाँडपर्वमा गाउँपालिकाको डोजर व्यस्त हुँदा खाल्डो पुर्न नसकेको तर्क गर्छन् । उनले अब २।३ दिन भित्रै खाल्डो पुर्ने बताएका छन् ।

खाल्डो नपुर्दा अझै उक्त खाल्डोमा बालबालिका डुब्ने जोखिम रहेको स्थानीयहरुको गुनासो छ ।

## बटेश्वर गाउँपालिकाले पुरे आफैले खनेको ज्यानमारा खाल्डो




बटेश्वर गाउँपलिकाले आफै खनेको ज्यानमारा खाल्डो बुधबार आंशिक रुपमा पुरेको छ । बुधबार गाउँपालिका अध्यक्ष रामअशिष महतोको निर्देशनमा कार्यालयको डोजरले गहिरो खाल्डो आंशिकरुपमा पुरेको हो ।

जोखिमयुक्त रहेको ठाउँमा माटो पुरेर जोखिममुक्त बनाइएको छ ।


*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**जलेश्वर नगरपालिका कार्यालय, महोत्तरी**

सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

**बर्दिवास नगरपालिका, महोत्तरी**

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

**नगराईन नगरपालिका, धनुषा**

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा

# बर्दिवास नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी

मधेस प्रदेश नं.,नेपाल

## औषधी तथा सर्जिकल सामान खरिद कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

(प्रथम पटक सुचना प्रकाशित मिति : २०८०।०८।१४ गते)

यस नगरपालिका अन्तर्गतका बर्दिबास अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा निःशुल्क वितरण हुने औषधी तथा सर्जिकल सामान खरिद कार्यका लागि देहायको शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नहन आह्वान गरिन्छ ।

| क.स. | शिलवन्दी दरभाउपत्र नं. | खरिद गर्नुपर्ने कामको विवरणहरु | लगत अनुमान रु. ( भ्याट समेत) | ज्मानत बापतको रकम (रु) | दरभाउपत्र फारम दस्तुर ( रु) |
|---|---|---|---|---|---|
| १. | BM/NCB/Goods/SQ/080/81/02 | औषधी तथा सर्जिकल सामान खरिद कार्य | ४९,९९,९७१। | १५०,०००। | १०००/- |

**शर्तहरु :**

- दरभाउपत्र फारम खरिद गर्न इच्छुक व्यवसायिहरु तथा फर्महरुले नविकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, स्थायी इजाजत पत्र ,स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्र (भ्याट), साथै आ.व. २०७९।८० को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपिको साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) कृषि विकास बैंक लिमिटेड बर्दिबास शाखामा रहेको खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको बैंक भौचर संलग्न गरी कार्यालयको स्वास्थ्य शाखाबाट दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्न सकिनेछ ।
- दरभाउपत्र फाराम सम्बन्धि कागजात दाखिला गर्दा दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण दरभाउ साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
- दरभाउ पुस्तिका तथा सुचनामा उल्लेखित मुल्याङ्कनका आधारहरु पुरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन ।
- दरभाउ फारम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ। साथै केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ।
- दरभाउपत्र जमानत रकम कृषि विकास बैंक लिमिटेड शाखा बर्दिबासमा रहेको यस कार्यालयको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनुपर्ने छ। दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन सम्म म्याद भएको बैंक जमानत (Bid security) समावेश भएको हुनु पर्ने छ। अन्यथा दरभाउपत्र अयोग्य मानिने छ।
- दरभाउपत्र दर्ता गर्ने फर्महरुले दरभाउपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नुपर्ने छ। दरभाउपत्र जुन फर्मको नाम बाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने छ ।
- आपुर्ति हुने सम्पुर्ण औषधीहरु WHO /GMP Certified कम्पनीहरुबाट उत्पादित भएको हुनु पर्नेछ . यदि नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधी आपुर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO /GMP सर्टिफिकेट अनिवार्य रुपमा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
- आपुर्ति हुने औषधीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिना बाँकी भएको हुनु पर्नेछ ।औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry Date ७५ % म्याद बाँकी हुदाँ कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।
- सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकिग बाहिर उत्पादन मिति Expiry Date, ➢ ब्याच नम्बर, नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ। .
- कुनैपनि कारण जनाइ वा नजनाइ दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- दरभाउपत्र फाराम र यस सुचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) बमोजिम हुनेछ ।
- दरभाउपत्र फाराम खरिद दर्ता गर्ने समय र अन्य विवरण तपशिल अनुसार रहेको छ .

| | | |
|---|---|---|
| दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय : २०८०।०८।२८ गते कार्यालय समय भित्र । | दरभाउ दर्ता गर्ने अन्तिम मिति : २०८०।०८।२९ गते, समय : दिउँसो १२ बजे भित्र । | दरभाउपत्र खोल्ने मिति : २०८०।०८।२९ गते, समय : दिउँसो १:०० बजे । |

प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

पीपरा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मठिहानी नगरपालिका, महोत्तरी

# मुलुक अब राजतन्त्रको सम्भावना छैन् : जसपा अध्यक्ष यादव

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, बर्दिवास**

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले मुलुकमा राजतन्त्रको सम्भावना नरहेको दाबी गरेका छन् ।

उनले जनतामाथि दमन, शोषण गर्ने राजतन्त्र फर्काउनेहरु सपना नदेखे हुने बताए । महोत्तरीको एकडारामा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले कसैले औंला देखाउँदैमा टुसो न सर्ने भन्दै व्यंग्य गरेका थिए । उनले जनताको अधिकार, नागरिक स्वतन्त्रता, जनताको मौलिक हक लगायतका अधिकार खोस्ने शक्ति कसैसंग नरहेको दाबी गरे ।

२०४६ पछि कांग्रेस र कम्युनिष्टले करिब ३० वर्षसम्म प्रत्यक्ष रुपमा शासन गरेको बताउँदै अध्यक्ष यादवले मुलुकको अर्थतन्त्र धरासायी बनाउन महत्वपूर्ण योगदान दिएको टिप्पणी गरे । मुलुकमा प्रजातन्त्र स्थापना भएपछि पनि मधेशीलाई हेर्ने दृष्टिकोण नेपाली जस्तो नरहेको र हेपहा प्रवृक्तिका कारण मधेश जनविद्रोह भएको चर्चा गरेका थिए । उनले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा मधेशी जनता अपहेलित, प्रताडित हुनु पर्थ्यो, न त भाषालाई मान्यता न त सरकारी सेवामा पहुँच, राज्यद्वारा प्रदान गरिने सेवा सुविधाबाट समेत वञ्चित, मधेशी, दलित समुदायसंग अमानवीय जीवन जिउन बाध्य रहेका कारण मधेशमा विद्रोह भएको उनको भनाइ थियो ।

उनले भने-‘ मुस्लिमलाई नेपाली मान्न उनीहरु तयार थिएनन् उनीहरुलाई पाकिस्तानी भन्ने गरेका थिए ।’ कसैले मधेश प्रदेश हुन्छ र मुस्लिमका छोरा मुख्यमन्त्री बन्छ भनेर सोचेका थिएन तर भयो उनले भने- ‘नेपालको इतिहासमा मधेशीहरु संगठित भइ शासक वर्गविरुद्ध लडाइ लडेका थिए जसका कारण मुलुकमा संघीयता आएको थियो ।’ मधेश जनविद्रोह संघीयताको जननी रहेको बताउँदै अध्यक्ष यादवले मधेशी जनता अधिकार सम्मत भएको शासक वर्ग स्वीकार गर्ने अवस्था नरहेको बताए । उनले ३८ वर्ष पहिला वैदेशिक रोजगारमा



८/१० जना गएको हुनसक्ने बताउँदै अहिले दैनिक रुपमा ८/१० हजार वैदेशिक रोजगार मा गइरहेका छन् भने ८/१० जनाको शव दैनिक नेपाल आउने गरेको बताए।

अधिकारको लागि आन्दोलन गर्यौं अब स्वायतता, सुशासन र विकासको लागि लडाइ लड्नुपर्ने उनको भनाइ थियो । उनले आफ्नो समाज अन्धविश्वास रुढीवादको नाममा जकडेको समाज रहेको बताउँदै यसमा समानता र सम्मानको बर ाबर अधिकार र हरेक अवसरमा बर ाबरको भागिदारी बनाउनका लागि अगाडि बढ्नुपर्ने धारणा राखेका थिए ।


सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गर `को क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी

सूचना ! सूचना !!! सूचना !!!

**आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।**
हिउँद तथा वर्षे घासको विकास गरौं र
उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**

**जिल्लाको सहरी क्षेत्रमा घर टहरा निर्माण गर्दा नगरपालिकाको माप दण्ड अनुसार निर्माण कार्य गरौं । मापदण्ड विपरीत घर टहरा निर्माण नगरौं तथा नगरको सौन्दर्यतालाई जोगाउन अघि बढौं ।**

संघीय आयोजना कार्यान्वयन ईकाई कार्यालय धनुषाको अनुरोध

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खर ानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**

**मुजेलिया, जनकपुर**

**विद्युत चुहावट बन्द गरौं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं । विद्युत महशुल नतिर्ने ग्राहक वर्गको जुनसुकै बेला पनि विद्युत लाईन काटिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण

**प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुर**

**सूचना ! सूचना !! सूचना !!!**

**सडक हामी सबैको सांझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर,गोबर ,खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटना बाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।**

**हुलाकी सडक आयोजना**

**धनुषा**

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**

**महोत्तरी**

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**

**धनुषा**

सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, धनुषा

कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तर ाईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

भूमिगत सिंचाई विकास डिभिजन

महोत्तरी फोन नं. ०४४-५२०४५४